नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक २२२ २०७७ साल असार १२ गते शुक्रबार (26 June 2020 Friday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सवारी साधनका पार्टपुर्जा ... ३ पृष्ठमा : डिएपी मलको छैन ... ३ पृष्ठमा :अस्ट्रेलियाको क्वान्टासले ...

# चट्याङ्ग लागेर सप्तरीमा एक महिलासहित चारको मृत्यु, दुई घाइते



चट्याङ्ग लागेर मृत्यु भएका महदेवा गाउँपालिकाका बेचन यादवका बुबा आमा शोकमा । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**


सप्तरीमा चट्याङ्ग लागेर बिहीबार बिहान छुट्टाछुट्टै स्थानका एक महिलासहित चार जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

बिहीबार बिहानदेखी परेको अविरल वर्षासँगै चट्याङ्ग लागेर जिल्लाको महदेवा गाउँपालिकाका २ तथा डाक्नेश्वरी नगरपालिका र राजगढ गाउँपालिकाका एक/एक जनाको मृत्यु भएको हो ।

प्रहरीका अनुसार महादेवा गाउँपालिकाका २७ वर्षीय बेचन यादव र ६० वर्षीय छेदी ठाकुर दुबै जना घरमा पूजा लगाएर सप्तकोशी नदीमा नुहाउन गएको बेला चट्याङ्ग लागेर कोशी नदी छेउमै मृत्यु भएको हो । बेचन महदेवा गाउँपालिकामा खरीदार पदमा कार्यरत हुन् ।

यस्तै डाक्नेश्वरी नगरपालिका ९ का ३० वर्षीया ललितादेबी यादव बिहान खेतमा धान रोप्न जाँदा चट्याङ्ग लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तिलक भारतीले जानकारी दिएका छन् ।

यस्तै राजगढ गाउँपालिका २ बेल्ही चपेनाका ४६ वर्षीय केसी साहको पनि खेतमा काम गर्दै गरेको बेला चट्याङ् लागेको प्रहरीले जनाएको छ । घाइते भएका



Shailendra Sah
1 hr ·
ससरीमा चटयाङ लागेर मृत्यु भएका मृत्कहरु प्रती हार्दिक श्रद्धाञ्जलीको साथै घायतेहरुको शिध स्वास्थ्य लाभको कामना । मृत्यु भएका परिवारलाई प्रदेश सरकारले १–१ लाख उपलब्ध गराउने ।

साहलाई राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल ल्याउनेबित्तिकै मृत्यु भएको प्रहरीले जनाएको छ । केसी उदयपुरको रानीबास खाँबु जनता माविका शिक्षक हुन् ।

सोही गाउँपालिका २ बेल्ही चपेनाकी १८ वर्षीया आशा मण्डल घरमा बसिरहेको बेला चट्याङ लागेर घाइते भएकी छन् । त्यस्तै जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ निवासी ५५ वर्षिया रुना सदा खेत जोतिरहेको अवस्था चट्याङ्ग लागेर घाइते भएका हुन् । चट्याङ्ले घाइते भएका दुबै जनाको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचार भइरहेको छ ।

यता घाइते दुबै जनाको अवस्था सामान्य रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले जानकारी दिएका छन् ।

यसैबीच चट्याङ्ग लागेर ज्यान गुमाएका मृतक परिवारहरुलाई एक/एक लाख रुँपैया दिने प्रदेश २ सरकारले घोषणा गरेको छ । प्रदेश २ का भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले मृतक परिवारप्रति श्रद्धाञ्जली र घाइतेहरुको सिघ्रस्वास्थ्य लाभको कामना गर्दै प्रदेश सरकारले मृतक परिवारलाई जनही एक/एक लाख रुँपैया राहत स्वरुप दिने निर्णय गरेको जानकारी दिएका छन् ।

# स्कारपियो र मोटरसाइकल ठोकिदा आमा छोराको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको कल्याणपुर खण्डमा स्कारपियो र मोटरसाइकल एक आपसमा ठोकिदा आमा छोराको मृत्यु भएको छ ।

मोटरसाइकल सवार खडक नगरपालिका ५ निवासी ५५ वर्षिया सुधनीदेवी दास र उनका ३२ वर्षिय छोरा बिरेन्द्र कुमार दासको घटनास्थलमै मृत्यु भएको

*बाँकी तीन पृष्ठमा*

# नागरिकता विधेयक खारेजीको माँग गर्दै नेवि संघद्वारा मसाल जुलुस प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

नागरिकता विधेयक खारेजीको माँग गर्दै बिहीबार राजविराजमा नेवि संघ सप्तरीले मसाल जुलुससहित बिरोध प्रदर्शन गरेको छ ।

बिरोध प्रदर्शनका क्रममा

*बाँकी अन्तिम पृष्ठमा*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money · Best Remit · City Express · IME pay · MoneyGram money transfer

## सम्पादकीय ....

# बाढीबाट जोगिन पूर्वतयारीमा ध्यान देऊ

अहिले कोरोना भाइरसको त्रासले जनजीवन प्रभावित भएको बेला अर्को प्राकृतिक प्रकोप बाढीको समेत जिल्लामा प्रबल सम्भावना रहेको छ। हरेक वर्ष सप्तरीमा आउने बाढीका व्यापक कारण धनजनको क्षति हुने गरेको छ। जिल्ला विपद् व्यवस्थापन समितिले यसको नियन्त्रणका लागि तयारी गरेको जनाइरहेको छ। यस जिल्लामा बाढी आउने प्रमुख श्रोतका रुपमा खाँडो नदी, महुली नदी, सप्तकोशी नदी, त्रियुगा नदी लगायतका रहेका छन्। यी नदीहरुमा बाहै मास पानी नरहेपनि वर्षाको बेलामा अतयाधिक पानी हुने र कमजोर बाँध रहेको स्थानमा कटान गर्ने गर्छ। यी बाँध मर्मत सम्भारका लागि स्थानिय पालिकाहरुले बजेट छुट्याएपनि ठोस रुपमा बाँध बाध्ने काम नभएपछि वर्षेणी ती रकमको दुरुपयोग भएको देखिन्छ।

यसरी बाँध निर्माण र मर्मतको नाममा आउने रकमको सदुपयोग नहुँदा र सम्बन्धीत निकायले ध्यान नदिदा जिल्लामा बाढीले आफ्नो ताण्डव देखाउदै आएको छ। अहिले वर्षा सुरु भइसकेको छ। यस्तो बेलामा बाँधहरुको निरिक्षण र कमजोर रहेको स्थानमा तत्कालै बाँध बाध्ने कामको थालनी गरिनु पर्दछ। होइन भने विगत भैं यस पटक पनि बाढीबाट मानविय बस्तिलाई डुवान हुनबाट जोगाउन सकिन्न्।

हुनत बाँध बाध्ने, निर्माण तथा मर्मतको काम वर्षा सुरु हुनु अगावै गर्नु पर्दछ। तर, यसपाली कोरोनाको त्रासले त्यसतर्फ खासै ध्यान दिएको देखिन्न्। तसर्थ अहिले पनि आपत्तकालिन समयमा जिल्लालाई बाढीबाट जोगाउन सम्बन्धीत निकायले तदारुकता देखाउनु आवश्यक रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सवारी साधनका पार्टपुर्जा बिग्रन थाले

काठमाडौँ, ११ असार (रासस)।

सार्वजनिक यातायातका सवारी साधन तीन महीनादेखि ग्यारेज एवं खुला स्थानमा राखिँदा पार्टपुर्जा बिग्रन थालेका छन्। व्यवसायीले गुनासो गरेका छन्।

कोरोना भाइरसको सङ्क्रमणबाट बच्न जारी बन्दाबन्दीका कारण गत चैत ११ गतेदेखि सार्वजनिक यातायात ठप्प छ। यातायात सडकमा नगुडेपछि कति ग्यारेजमा थन्किएका छन् त कति सवारी भने ग्यारेजको अभावमा सडक वा खुला स्थानमा राखिएका छन्। ग्यारेज गरिएका साधनका पार्टपुर्जामा धेरै समस्या नभएपनि खुला रुपमा सडक वा अन्य स्थानमा राखिएका सवारीको टायर लगायत पार्टपुर्जा फेर्नुपर्ने अवस्थामा पुगेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्यले जानकारी दिनुभयो।

आधाभन्दा बढी सवारीका लागि ग्यारेजको व्यवस्था हुन सकेको छैन। माटोमा परेर टायर मक्किएको छ। दिनरात घामपानीमा राखिने र इन्जिन समेत नचल्ने भएकाले ब्याट्री पनि फेर्नुपर्छ। जसका कारण तीन महीनादेखि थन्किएका सवारी एकैपटक सञ्चालनमा ल्याउँदा सडकमा बिग्रिएर समस्या आउनेतर्फ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग लगायत सरोकार भएका निकायलाई जानकारी गराइएको पनि उहाँले जानकारी दिनुभयो।

बैङ्क, सहकारी लगायत वित्तीय संस्थाबाट ऋण लिएर सञ्चालनमा आएका सवारीले यातायात बन्दाबन्दीदेखि नै किस्ता तिर्न सकेका छैनन्। सिटी यातायातका व्यवसायी प्रेमकृष्ण लामिछाने दैनिक हातमुख जोर्न नै समस्या भएकाले किस्ता तिर्न सक्ने अवस्था नै नभएको बताउनुहुन्छ। आफूसँग भएको पुँजीमा वित्तीय संस्थाबाट किस्ताबन्दी तिर्ने गरी सार्वजनिक यातायात सञ्चालन गरेकामा महामारीका कारण समस्यामा परिएको उहाँको गुनासो छ।

दैनिक कमाएर खाने र किस्ता तिर्ने गरेकामा कमाउने साधन नै थन्किएपछि बिलखबन्दमा परेका लामिछाने प्रतिनिधि पात्र मात्र हुन्। धेरै व्यवसायीको यस्तै खाले समस्या छन्। बन्दाबन्दी ठूला बस, मिनी बस, माइक्रो बस, भाडाका ट्याक्सी सबै थन्किएका छन्। असार १ गतेपछि चलेका केही सवारीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको थियो।

पुँजी भएर सवारीमा लगानी गर्नेका लागि समस्या नभएपनि पछिल्लो समय थोरै पुँजीमा किस्तामा व्यवसाय शुरु गरेका यातायात व्यवसायीका लागि भने अप्ठ्यारो अवस्था छ। व्यवसायीका यस्तै समस्यालाई मध्यनजर गर्दै महासङ्घले बन्दाबन्दीको अवधिमा किस्ताको गणना नगर्ने व्यवस्था गर्न सरकारसँग माग गरिएको अध्यक्ष कर्माचार्यले बताउनुभयो।

बैङ्कभन्दा सहकारी र वित्तीय संस्थाको ब्याजदर बढी हुने भएकाले महामारीको अवस्थामा ब्याजदरमा पनि पुनर्विचार गरिनुपर्ने माग व्यवसायीको छ। बन्दाबन्दीले लामो समय थला परेका व्यवसायीले सवारी मर्मत गर्न नसक्ने भएकाले मर्मत सम्भार गर्न पुनर्कर्जाको व्यवस्था गनुपर्नेमा पनि व्यवसायीले जोड दिएका छन्।

"बन्दाबन्दीको अवधिमा कागजात नवीकरणमा शुल्क नलाग्ने व्यवस्था गर्न, सार्वजनिक यातायात सञ्चालनमा ल्याउने बेलामा सुरक्षाका उपाय अपनाउँदा ५० सीट क्षमताका सवारीमा आधामात्र राख्न सकिन्छ, यसबाट उठ्ने भाडाले चालक, परिचालकलाई तलब भत्ता समेत दिन पुग्दैन, यसैले आवश्यक व्यवस्था गर्न सरकारसँग माग गरेका छौँ"-अध्यक्ष कर्माचार्यले भन्नुभयो।

सवारीको बाहिरी पार्टपुर्जामा समस्या आएपनि मूल इञ्जिनमा भने समस्या नआउने प्राविधिकको कुरालाई हाल विश्वास गरिएको महासङ्घले जनाएको छ। सार्वजनिक यातायात सञ्चालनमा ल्याउने बेलामा सवारीलाई निर्मलीकरणको व्यवस्था गर्नुपर्नेछ। यसको व्यवस्था पनि सरकारले गर्नुपर्ने व्यवसायीको माग छ।

व्यवसायीका मागका विषयमा यातायात मन्त्रालय र कोभिड उच्चस्तरीय समितिमा छलफल भइरहेको विभागले जनाएको छ। समितिले सार्वजनिक यातायात सञ्चालन गर्ने निर्णय गरेमा चलाउन सकिने गरी व्यवस्था मिलाउन व्यवसायी लगायत सरोकार भएका निकायका अधिकारीसँग छलफल शुरु गरेको विभागका महानिर्देशक गोनबहादुर हमालले बताउनुभयो।

"लामो, छोटो र शहरी क्षेत्रमा सवारी चलाउँदा के कस्तो मापदण्ड बनाउन भन्ने विषयमा छलफल भइरहेको छ, पहिलो चरणमा निश्चित क्षेत्रमा मात्र चल्ने गरी छोटो दूरीका सवारी चलाउन छलफल अघि बढाइएको छ"-उहाँले भन्नुभयो। व्यवसायीका धेरै माग अर्थ मन्त्रालयसँग सम्बन्धित भएकाले आवश्यक सहयोगका लागि पत्र पठाइएको विभागले जनाएको छ। व्यवसायीका जायज माग पूरा गर्न विभाग तयार रहेको छ। नवीकरण शुल्कका विषयमा भने प्रदेश सरकारले हेर्ने भएकाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पत्राचार गरेको जनाइएको छ।

एउटा सीटमा एक जना यात्रु राखेर सवारी चलाउँदा तेलको भाडा पनि नउठ्ने भएकाले सरकारले आवश्यक सहयोग गनुपर्ने माग नेपाल यातायात राष्ट्रिय व्यवसायी सर्वोच्च महासङ्घले पनि सरकारसँग राखेको अध्यक्ष विष्णु शिवाकोटीले बताउनुभयो। सरकारले आवश्यक सहयोग गरेमा कोरोनाबाट सुरक्षित रुपमा जनता स्वास्थ्यलाई ध्यान दिई सुविधा दिन तयार रहेको उहाँले बताउनुभयो।

# 'स्वास्थ्यकर्मीको मनोबल उच्च बनाऔँ'

काठमाडौँ, ११ असार (रासस)।

सांसदहरुले कोरोना महामारीको समयमा अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकर्मीमाथि भइरहेका कुटपिट र दुर्व्यवहारलाई तत्काल रोक्न सरकारसँग माग गर्नुभएको छ।

राष्ट्रियसभाको बिहीबारको बैठकको विशेष समयमा उहाँहरुले सो माग गर्दै त्यस्ता गलत कामले रोग सङ्क्रमण बढ्ने र नकारात्मक सन्देश जानेतर्फ सचेत रहन आग्रह गर्नुभयो। उहाँहरुले स्वास्थ्यकर्मीको सुरक्षाको पूर्ण प्रत्याभूति दिन जोड दिनुभयो।

जनता समाजवादी पार्टीका मृगेन्द्रकुमार सिंह यादवले काठमाडौँ, धरान, पर्सा, रौतहटमा, डोटी, बाजुरालगायत स्थानमा स्वास्थ्यकर्मीमाथि आक्रमण भएको उल्लेख गर्दै उनीहरुको उत्साहलाई निराशामा परिणत गर्ने काम कोही कसैले गर्न हुँदैन भन्नुभयो। उहाँले नागरिकताको विषयमा राष्ट्रियतालाई ध्यानमा राखेर अघि बढ्न जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसद चक्रप्रसाद स्नेहीले कोभिड-१९ सङ्क्रमण रोक्न अहोरात्र खटिएका स्वास्थ्यकर्मीमाथि भएको घटनाको निन्दा गर्दै सुरक्षाको प्रत्याभूति दिलाउन सरकारसँग माग गर्नुभयो। उहाँले बन्दाबन्दीको समयमा अर्थतन्त्रमा परेको नकारात्मक असरको आवश्यक सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

सोही पार्टीका डा विमला राई पौडेलले उद्योगधन्दा पुनस्थानका कार्यक्रम ल्याउन,शिक्षा र सेवा क्षेत्रलाई व्यापारीकरण नगर्न समेत आग्रह गर्नुभयो। नेपाली काँग्रेसका अनिता देवकोटाले सोती घटना, रुपन्देहीमा बलात्कारपछि हत्या र धनुषा प्रहरी कार्यालयभित्रै भएको मृत्यु प्रकरणमा दलितसँग सम्बन्धित सङ्गठनका प्रतिनिधिहरुले प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिन जाने क्रममा प्रहरीले गरेको धरपटकको.निन्दा गर्नुभयो। उक्त घटनामा सांसदसमेत घाइते भएको उल्लेख गर्दै त्यस्ता गतिविधि नदोहोऱ्याउनसमेत आग्रह गर्नुभयो।

सोही पार्टीका तारादेवी भट्टले कोभिड-१९ रोक्न सरकारको भूमिका बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। चुरेको दोहन रोक्न गम्भिर कदम चाल्नसमेत उहाँले सरकारलाई आग्रह गर्नुभयो। जनता समावादी पार्टीका प्रमिला कुमारीले नागरिकतासम्बन्धीको विधेयकमा सात वर्षपछि मात्रै अंगिकृत नागरिकता दिने गरी विधेयक आएकोमा आपत्ति जनाउनुभयो। उहाँले महिला, यौनिक र अल्पसङ्ख्याक व्यक्तिले समेत समान रुपमा नागरिकता प्रदान गर्नुपर्ने अवस्थामा विभेद गरिनुले सरकाको विभेदकारी नीति प्रष्ट भएको जिकिर गर्नुभयो।

बैठकमा राष्ट्रियसभाका सचिव राजेन्द्र फुयाँललले सभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ र सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देशको जानकारी सभासमक्ष गराउनुभयो।

# चटचाङ लागेर दुई महिलाको मृत्यु, एक घाइते

हेटौँडा, ११ असार (रासस)।

अविरल वर्षासँगै परेको चटचाङ लागेर मकवानपुरमा दुई जना महिलाको बिहीवार मृत्यु छ।

मृत्यु हुनेमा मकवानपुर बकैया गाउँपालिका-२ का बुद्ध घिसिङको १७ वर्षीया छोरी सम्झना घिसिङ र आशालाल घिसिङकी २५ वर्षीया श्रीमती विना घिसिङको रहेको प्रहरीले जनाएको छ। सम्झाना घरमै बसिरहेको अवस्थामा र विनाको स्थानीय दोभान स्वास्थ्य चौकीमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

यस्तै स्थानीय पूर्णबहादुर जिम्बाको घाइते १४ वर्षीय छोरा किरण जिम्बाको सो स्वास्थ्य चौकीमा उपचारको लागि भर्ना गरिएको छ। अविरल वर्षाले तरकारी बालिमा असर पारेको स्थानीय किसानको गुनासो छ।

# डिएपी मलको छैन अभाव

विराटनगर, ११ असार (रासस)।

पूर्व क्षेत्रमा किसानलाई वर्षे धानबाली लगाउन प्रारम्भमा चाहिने रासायनिक मल डिएपीको अभाव नरहेको बताइएको छ। प्रदेश नं १ का १४ जिल्ला तथा प्रदेश नं २ का सिरहा र सप्तरीका किसानलाई ¶ साल्ट ट्रेडिङ लि र कृषि सामग्री संस्थान कार्यालय विराटनगरले उपलब्ध गराउँदै आएको रासायनिक मलमध्ये साल्ट ट्रेडिङ कार्यालय विराटनगरमा अहिले १९ हजार ८२० बोरा डिएपी मौज्दात रहेको कार्यालय प्रमुख राधेश्याम चौधरीले जानकारी दिनुभयो।

उहाँका अनुसार किसानले मागे जति डिएपी मल उपलब्ध गराइएको छ। केही दिनभित्र थप एक लाख बोरा डिएपी आउने भएकाले किसानलाई यो मलको अभाव हुँदैन। डिएपी मल किसानले धान रोप्ने समयमा खेत तयार गर्दा हाल्ने मल हो। यसको प्रतिबोरा मूल्य रु दुई हजार १५० निर्धारण गरिएको भए पनि किसानले केही छुट हुने व्यवस्था पनि गरिएको छ।

यसैगरी किसानलाई आवश्यक पर्ने एसएसपी मल पनि १२ हजार ३०४ बोरा मौज्दात रहेको प्रमुख चौधरीले बताउनुभयो रासायनिक मल उपलब्ध गराउने कृषि सामग्री संस्थान विराटनगरमा डिएपी मल १७९ मेट्रिक टन, पोटास १४२ मेट्रिक टन र कृषि चुन तीन दशमलव ६५० मेट्रिक टन मौज्दात रहेको बताइएको छ।

संस्थानका कर्मचारी नवरत्न सुवेदीले कार्यालयका लागि दुई हजार ५०० मेट्रिक टन डिएपी केही दिनभित्र प्राप्त हुने र थप दुई हजार मेट्रिक टन आउने भएकाले किसानलाई अभाव नहुने जानकारी दिनुभयो। कार्यालयले पूर्व क्षेत्रमा मोरङको विराटनगर, इलाम, झापाको बिर्तामोड, धनकुटा, सुनसरीको इटहरी, सप्तरीको राजविराज, सिरहाको लहान र उदयपुरको गाईघाट कार्यालयबाट सेवा प्रदान गर्दै आएको छ।

यस्तै कृषि सामग्री संस्थान विराटनगरमा मलखाद भण्डारण गर्ने दुई ठूला गोदाम वर्षात्का कारणले पानी प्रवेश गरी नष्ट हुने भएकाले स्तरोन्नति गर्ने काम तीव्र गतिमा भइरहेको छ। धरान -विराटनगरको छ लेनको सडक निर्माण भइरहेको र साविकमा निर्माण भएको गोदाम सडकभन्दा गहिरो पर्न गएकाले चौरमा पानी जम्ने समस्या पनि निर्माण सम्पन्न भएपछि समाधान हुने जनाइएको छ। अहिले दुवै कार्यालयमा युरिया मल छैन। बली लगाइएको केही समयपछि मात्र किसानले धानबालीमा युरिया मल हाल्ने भएकाले यसको पनि अभाव नहुने बताइएको छ।

# कोभिड-१९ मा आत्महत्या बढेकाले जनचेतना जगाउनुपर्ने

काठमाडौँ, ११ असार (रासस)।

कोभिड-१९ का कारणले आत्महत्या बढेकाले जनचेतना फैलाउनुपर्ने चिकित्सकले सुझाव दिएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका मनोचिकित्सक डा सरोजप्रसाद ओझाले कोभिड-१९ मा आत्महत्या बढेकाले सबै मिलेर जनचेतना फैलाई त्यसलाई बढ्न नदिनुपर्ने बताउनुभयो।

उहाँले कोभिड-१९ लाई रोकथाम र नियन्त्रण गर्न हामी सक्दछौँ, कोभिड- १९ लाई सजिलै जित्न सकिन्छ जस्ता सकारात्मक सोचको विकास गर्नुपर्ने बताउनुभयो। उहाँका अनुसार अहिले आत्महत्या २० प्रतिशतले बढेको छ। "कोभिड-१९ भन्दा अगाडि हरेक दिन १३ देखि १५ जनाले आत्महत्या गर्दथे भने अहिले हरेक १७ देखि १८ जनामा आत्महत्या हुने गरेको छ", उहाँले भन्नुभयो, "अहिले २० प्रतिशत आत्महत्या बढेको छ। त्यसैले आत्महत्या रोक्न जनचेतना जगाउनुपर्दछ।"

कोभिड-१९ अगाडि विश्वमा हरेक ४० सेकेण्डमा एक जनाले आत्महत्या गर्दथे भने कोभिड-१९ पछाडि अमेरिका ११ मात्रै मिनेटमा एक जना र भारतका हरेक दुई मिनेटमा एक जनाले आत्महत्या गर्ने गरेको उहाँले जानकारी दिनुभयो। बन्दाबन्दी (लकडाउन)ले गर्दा २० देखि ४० वर्ष उमेर समूहका युवायुवती घर, क्वारेन्टिन र आइसोलेशन एक्लै बस्दा मनोसामाजिकमा नकारात्मक असर परी आत्महत्या गरेको पाइएको उहाँको भनाइ छ। उहाँका अनुसार युवामा आर्थिक, सामाजिक र पारिवारिक समस्या र मानसिक तनाव झेल्न नसकेर मनोविज्ञान कमजोर र डिप्रेसन बढेर जाँदा आवेशमा आएर आत्महत्या हुने गरेका छन्।

उहाँले नेपालीको रोगसँग लड्न क्षमता बढी भएका कारणले सङ्क्रमणबाट धेरै मानिसले ज्यान गुमाउनु नपरेकोसमेत बताउनुभयो। मनोचिकित्सक डा ओझाले विभिन्न अनुसन्धानले २०७२ सालको भूकम्पपछि पनि यहाँका मानिसमा डिप्रेशन र आत्महत्याका घटना बढ्न सक्ने बताएपनि त्यो नभएको भन्दै अहिले हामीसँग रोगसँग लड्न क्षमताका कारण, हामीमा एकले अर्कोलाई सहयोग गर्ने संस्कृति जस्ता विभिन्न कारणले मनोसामाजिक समस्या कम भएको उल्लेख गर्नुभयो।

डा ओझाले कोरोना भाइरसमा समस्या परेकालाई सहयोग गर्नुपर्ने गरे कोभिड-१९ लाई सजिलै परास्त गर्नसक्ने बताउनुभयो। दिनमा सातदेखि आठ घण्टा सुत्न सक्यो भने हाम्रो शरिर एक किसिमको रासायनिक उत्पादन गर्ने र त्यसले रोगसँग लड्ने क्षमता बढाउन सक्ने उहाँको भनाइ रहेको थियो। अहिलेको कोरोनाका बेलामा भिटासिन सी खाने, भिटामिन डी प्राप्त गर्ने तथा सागपात, फलफूलजस्ता सन्तुलित खानेकुरा र दैनिक योग र व्यायाम गनुपर्ने सुझाव दिनुभयो।




## स्कारपियो र ...

जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार बुधबार राती १० बजेतिर पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको स१०प. ९०५० र विपरीत दिसाबाट आउँदै गरेको कंचनरुप नगरपालिका कार्यालयको स.१झ. ४८७ नम्बरको स्कारपियो भ्यान एक आपसमा ठोकिएर सो दुर्घटना भएको हो। घटनामा मोटरसाइकलमा सवार आमा छोरा दुबैको मृत्यु भएको हो।

यता ठक्कर दिने गाडी र चालक कमलेश मुखियाँलाई नियन्त्रणमा लिई आवश्यक कारवाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## विश्व समाचार

# अस्ट्रेलियाको क्वान्टासले ६० हजार कर्मचारी, कामदार हटाउने

सिड्नी, ११ असार (रासस/एएफपी)।

अस्ट्रेलियाको राष्ट्रिय ध्वजाबाहक क्वान्टास एयरले कोरोनाभाइरस महामारीका कारण उत्पन्न सङ्कट जनाउँदै आफ्ना छ हजार कर्मचारी हटाउने निर्णय गरेको छ। कम्पनीले पर्यटन क्षेत्रमा आएको मन्दीसँगै १०० वटा बिमान पनि सञ्चालन नगर्ने र यसबाट करिब १० अर्ब अमेरिकी डलर बचत गर्ने योजना सार्वजनिक गरेको छ।

कम्पनीका प्रमुख कार्यकारी अलान जोएसले कम्पनीको इतिहासमै यस वर्ष सबैभन्दा ठूलो सङ्कटको सामना गर्नु परेको बताउनुभएको छ। उहाँले कम्पनीका आधाभन्दा बढी कर्मचारी अर्थात् करिब २३ हजार कर्मचारीलाई पनि विदामा बस्न भनिएको जानकारी दिनुभयो।

कोरोना महामारीका कारण क्वान्टासले आफ्ना सबैजसो अन्तरराष्ट्रिय उडान कम्तीमा आगामी अक्टोबरसम्मका लागि रद्द गरेको जनाएको छ। कम्पनीले घरेलु उडान पनि सीमित मात्र गरिएको बताएको छ।

अस्ट्रेलियाका अधिकाँश शहरमा कोरोनाभाइरस प्रसार नियन्त्रणमा आएसँगै घरेलु उडानको संख्या बढ्न थालेका छन्। तर अन्तरराष्ट्रिय सीमामा हुने कडाई अर्को वर्षसम्म जारी रहने सम्भावना रहेकाले सबै अन्तरराष्ट्रिय उडान प्रभावित हुने देखिएको छ।

अस्ट्रेलियाको दोस्रो ठूलो शहर मेलबोर्नमा एकाएक कोरोनाभाइरस देखिएसँगै यसको प्रभाव सहजै अन्त्य हुन नसक्ने दृष्टान्त देखाएको छ।

क्वान्टासका कार्यकारी जोएसले आगामी केही वर्षसम्म कम्पनीको राजश्वमा ठूलै कमी आउने बताउँदै आफ्नो कम्पनी केही समय सानो विमान सेवाका रुपमा खुम्चिने सम्भावना रहेको छ भन्नुभयो।

# प्रधानमन्त्री मोदीले भारतको विशेष रोजगार आयोजनाको उद्घाटन गर्ने

भारत, ११ असार (रासस/एएनआई)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारत सरकारले शुरु गर्न लागेको विशेष रोजगार आयोजनाको यही जुन २६ मा उद्घाटन गर्नुहुने भएको छ।

भारत सरकारले सो आयोजना कोभिड-१९ पछिको अवस्थामा यहाँका कम्तीमा पनि एक करोड २५ लाख मानिसलाई रोजगारी दिने योजनाअनुरुप शुरु गर्न लागेको हो।

'विशेष रोजगार आयोजना' नाम दिइएको यस आयोजनाबाट भारतको सरकारले यहाँका महिला र पुरुषगरी एक करोड २५ लाख नागरिकलाई रोजगारी दिने बताइएको छ।

यही जुन २६ मा प्रधानमन्त्री मोदीले भर्चुअल माध्यमबाटै उद्घाटन गर्न लाग्नुभएको जनाइएको छ। यो आयोजना भारतको उत्तर प्रदेशका विशेषगरी छ ओटा जिल्लाका लागि लक्ष्य गरिएको छ।

उक्त आयोजनाको उद्घाटनपछि प्रधानमन्त्री मोदीले यस आयोजनाबाट लाभ लिन लागेका ती जिल्लाका केही स्थानीय नागरिकसँग पनि कुराकानी गर्नुहुने बताइएको छ।

गोरखपुरलगायतका छ जिल्लाका जनताले यो आयोजनाबाट रोजगारी पाउने भएका हुन्। सो आयोजनाको उद्घाटनपछि उहाँले ती जिल्लाका महिला र पुरुषसँग अन्तर्क्रिया गर्नुहुने बताइएको छ।

यो आयोजनालाई भारतको सबैभन्दा ठूलो रोजगार आयोजनाका रुपमा लिइएको छ। यस आयोजनाको सञ्चालनबाट उत्तर प्रदेशमा विभिन्न सीप विकासका कार्यक्रम सञ्चालन गरिने मुख्यमन्त्री योगी आदित्यनाथले जानकारी दिनुभयो।

उत्तर प्रदेशमा यति धेरै मानिसलाई रोजगारी दिने भनी भारतको सरकारले प्रचार गरेको यस कार्यक्रमप्रति भारतका विभिन्न विपक्षी राजनीतिक दलहरुले भने विश्वास गरेका छैनन्।

# आइफेल टाबर १०४ दिनपछि खुल्यो

पेरिस, ११ असार (रासस/एएफपी)।

कोरोनाभाइरस महामारीका कारण मार्चदेखि बन्द रहेको आइफेल टाबर १०४ दिनपछि पहिलोपटक बिहीबारदेखि पुनःखोलिएको छ। विश्वभरका पर्यटकका लागि आश्चर्य र प्रमुख आकर्षणका रुपमा रहेको आइफेल टाबर अझै केही समय पर्यटकका लागि खुला नगरिने जनाइएको छ।

बिहीबार पत्रकार र फ्रान्सेली अधिकारीसहित करिब ५० जनाले सिँढीबाट आइफेल टाबरको दोस्रो तलासम्म चढ्ने कार्यक्रम छ। सामाजिक दूरीका नियम पालना गर्नुपर्ने भएका कारण टाबरको लिफ्ट भने बन्द गरिने छ।

# सप्तरीका संक्रमितको संख्या थपिदै, निको हुनेको संख्या १६

**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

सप्तरीमा बिहीबार ८ जना कोरोना संक्रमित थपिएसँगै जिल्लामा संक्रमितको संख्या २ सय ८ पुगेको छ। यसअघि बुधबार ६ जना संक्रमित फेला परेको भनिएकोमा दुई जनाको दोहोरिएर रिपोर्ट आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले बताएका छन्।

पछिल्लो पटक सप्तरीको तिरहुत गाउँपालिकाका ३ र छिन्नमस्ता गाउँपालिकाका ५ गरि ८ जनामा कोरोना संक्रमणको पुष्टि भएको स्वास्थ्य कार्यालय प्रमुख यादवले जानकारी दिए।

यस्तै कोरोनाबाट निको हुनेको संख्या १६ पुगेको छ। पछिल्लो पटक बिहीबार ५ जना कोरोनाबाट निको भई डिस्चार्ज भएका छन्।

जिल्लाको १८ स्थानिय तहमध्ये हालसम्म १६ वटा स्थानिय तहबाट कोरोना संक्रमित फेला परिसकेका छन्।

यसैबीच बिहीबार साँझ सम्ममा नेपालमा कोरोना संक्रमितको कुल संख्या ११ हजार १ सय ६२ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। नेपालमा कोरोना भाइरस संक्रमण निको भएर घर फर्किनेको संख्या २ हजार ६ सय ५० जना रहेको तथा मृत्यु हुनेको संख्या २६ पुगेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

विद्युतीय कारोबारलाई विश्वसनीय, कानून सम्मत र सुरक्षित बनाउन विद्युतीय हस्ताक्षर (Digital Signature) को प्रयोग गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# निरन्तर वर्षाले राजविराज जलमग्न




राजविराज ८ स्थित हिमालय टोलमा नाला, ढलको निकास नहुँदा वर्षाको पानी सडक हुँदै घरसमेत डुवानमा परेको तथा हुलाकी मार्गको जमुनी खडक खण्डमा जमेको वर्षाको पानी। *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

बिहीबार बिहानैदेखी परेको निरन्तर वर्षाले राजविराजस्थित विभिन्न वडाको घर घरमा पानी पसेर जनजिवन कष्टकर बनाएको छ।

नाला र ढल निकास नहुँदा वर्षाको पानी जमेर राजविराज नगरपालिका वडा नं. ५ स्थित मिथिला टोल र राजविराज ८ हिमालय टोलमा आवतजावत प्रभावित बनेको छ। यस्तै सिरहा रोड पनि जलमग्न भएको छ। सडक डुवानमा पर्दा ती टोलहरुमा आमसर्वसाधारणलाई आवतजावतमा समस्या उत्पन्न भएको छ।

यस्तै हुलाकी मार्गको जमुनी सडकखण्डमा दुई फिसम्म पानी जम्दा यातायातका साधन चल्न सकेको छैन् भने सर्वसाधारणलाई गन्तब्यसम्म पुग्न समस्या भएको स्थानिय जिवछ दासले जानकारी दिए।

सदरमुकाम राजविराजको सिरहा रोड, राजदेवी रोड, हिमालय टोल र मिथिला टोल आसपास वर्षाको पानी जम्दा सर्वसाधारणलाई निकै नै समस्या भएको छ। राजविराज ५ स्थित मिथिला टोलका आधा दर्जन घरमा समेत पानी छिरेको छ। निकास नहुँदा वर्षेणी समस्या हुँदै आएको स्थानिय अजित ठाकुरले बताए।

यता बाढीले सर्वाधिक जनधनको क्षति हुने गरेको तिलाठी कोइलाडी गाउँपालिकामा सम्भावित जोखिमलाई ध्यानमा राख्दै आवश्यक रणनीति बनाउन जुटेको गाउँपालिका अध्यक्ष सतिश सिंहले बताए। यस्तै स्थानिय प्रशासनले पनि बाढीको सम्भावित जोखीमलाई ध्यानमा राख्दै हाइअलर्ट अवस्थामा रहेको जनाएको छ।

## नागरिकता विधेयक ...

नागरिकता विधेयक खारेज गर, महिला बिरुद्धको विभेद अन्त्य गर, अधिनायकवाद मुर्दावादका साथै प्रधानमन्त्री ओली बिरुद्ध चर्को नाराबाजी गरिएको थियो।

मसाल जुलुस प्रदर्शन पश्चात् आयोजित कोणसभालाई काँग्रेसका यूवा नेता मो. इर्साद अन्सारी, अर्जुन साह, नन्दकिशोर यादव, मो. शबिर आजम, समिर झा, नेवि संघका घनानन्द यादवलगायतले सम्बोधन गर्दै नागरिकता सम्बन्धी सरकारले ल्याएको संशोधन विधेयक खारेज नगरे आन्दोलन चर्काउने र सरकारलाई विधेयक फिर्ता लिन बाध्य पार्ने चेतावनी दिएका थिए।

# सर्पको टोकाईबाट नाबालकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

सप्तरीको राजगढ गाउँपालिका ६ मा बुधबार राती सर्पको टोकाईबाट एक नाबालकको मृत्यु भएको छ।

सो गाउँपालिका ६ ईर्नवा निवासी मो.तैयब खानका १८ महिने छोरालाई घरमा सुतिरहेको अवस्थामा सर्पले टोकेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सर्पको टोकाईबाट घाइते भएका उनलाई उपचारका लागि राजबिराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।




**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*